नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

फागुन/चैत्र २०७० (March 2014) वर्ष १८/अङ्क २०४

## "ख्रीष्टिय जीवनको आत्मिक एकता नै आत्मिक बल हो"

- डीकन घनश्याम दाहाल

**फिलिप्पीहरूलाई पावलको पत्र:**

किताबको परिचयः फिलिप्पीचाहिँ माकेडोनिया (दक्षिण युरोपको ग्रीस भन्ने देशको उत्तर भाग) को एउटा मुख्य सहर थियो । यहाँ धेरै रोमी सिपाहीहरूको बसोबास भएकाले उक्त सहरलाई रोमीहरूको उपनिवेश बनाइएको थियो। फिलिप्पी सहर सुनको सिक्काको निम्ति प्रसिद्ध थियो । यो मण्डलीको स्थापना पावलको सुसमाचारको दोस्रो मिसनरी यात्राको समयमा भएको थियो (प्रेरित १६:१२) । यो पत्र पहिलो शताब्दीको करीब ईस्वी सम्बत ६०-६२ मा जेलभित्रबाट लेखिएको थियो । यो एकदमै व्यक्तिगत पत्र थियो ।

**पत्र लेख्नुको उद्देश्य:**

पावलले जेलभित्रबाट उहाँका सहकर्मी (इपाफ्रोडिटस) लाई साहस र उत्साह दिन, इसाई एकतामा रहनको लागि लेखेका थिए । यो पत्रले खीष्टको प्रेम-पत्रको विषयमा खीष्ट केन्द्रित विशेष उत्साह, सान्त्वना र ढाडस दिँदछ (फिलिप्पी ३:१) । यो पत्रले दु:ख र कष्टको समयमा पनि खुशी र आनन्द रहनको लागि विशेष जोड दिँदछ (फिलिप्पी ४:४) । "आनन्द" भन्ने शब्द यस पत्रमा १६ पटक प्रयोग भएको पाइन्छ । यी बाहेक अन्य कुराहरू उत्साह, अर्ती, आज्ञा, उदाहरण, सान्त्वना, ढाडस आदि पाइन्छ साथै पावललाई फिलिप्पी मण्डलीले पावलको सेवकाइमा पुऱ्याएको सहायताको लागि समेत धन्यवाद दिनका निम्ति पत्र लेखेका थिए । यस पत्रको मुख्य उद्देश्य खीष्टियन जीवनको आत्मिक एकता कायम राख्न र मेल मिलाप सृजना गर्नु हुन आउँछ र खीष्टियान जीवन केवल खीष्टमा मात्र सुरक्षित र आनन्दित हुन्छ भन्ने कुरा यस पत्रमा पाइन्छ ।

१) पहिलो अध्यायमा इसाई जीवन जिउनुमा आनन्दित (Joy in Living) फिलिप्पी १:३, ५ धन्यवादी जीवन ।
२) दोस्रो अध्यायमा खीष्टको सेवामा आनन्दित (Joy in Service) एउटै मन (हृदय) का भएर खीष्टको सेवा गर (फिलिप्पी २:२) ।
३) तेस्रो अध्यायमा संगतिमा आनन्दित (Joy in Fellowship) खीष्टमा निरन्तर अघि बढ्नु (फिलिप्पी ३:१२-१४)
४) चौथो अध्यायमा परमेश्वरबाट पाउने इनाममा आनन्दित (Joy in Reward) (फिलिप्पी ४:४-५; हितोपदेश २३:७)

२:१-१८ मा इसाई आत्मिक एकताको बारेमा सिक्न पाइन्छ । विशेष गरी आजको पाठ फिलिप्पी २:१-४ खीष्टियान जीवन चरित्रका आत्मिक लक्षणहरू:

फिलिप्पी २:१-४ यो खण्ड फिलिप्पी १:२७-३० सँग आधारित छ । यस खण्डबाट हामीले खीष्टियन जीवन चरित्रका आत्मिक लक्षणहरूको विषयमा वा येशू खीष्टका चरित्र (स्वभाव) को विषयमा येशू खीष्टको प्रेम हाम्रो जीवनमा कसरी प्रकट (घोषणा) गर्न सकिन्छ भन्ने सम्बन्धमा सिक्न सकिन्छ ।

१) प्रोत्साहनको लक्षण (सहानुभूतिको चिन्ह) फिलिप्पी २:१) ।
२) प्रेमको लक्षण (प्रेमको चिन्ह) (फिलिप्पी २:१) ।
३) पवित्र आत्माको संगतिको लक्षण (फिलिप्पी २:१) ।
४) एकअर्काको, आनन्दको फिक्रीको लक्षण (अर्काको आनन्दको लागि वास्ताको स्वभाव) (फिलिप्पी २:२) ।
५) नम्रता वा दिनताको लक्षण (मन वा हृदयको विनयको स्वभाव) फिलिप्पी २:३) । स्वार्थलाई नियन्त्रण गर्नु वा आफैमाथि ध्यान नदिनुको लक्षण (आफ्नै मात्र हित, स्वार्थ नखोज्ने स्वाभाव) (फिलिप्पी २:४) यहाँ खीष्टियन आत्मिक एकता कायम राख्नका निम्ति खीष्टिय जीवनका आत्मिक लक्षण (चिन्हहरू) निम्नअनुसार छन्:

१) **प्रोत्साहनः** ग्रीक शब्द "पाराक्लेसिस" को अर्थ धेरै छन् तर यहाँको सन्दर्भमा यसको अर्थ (फिलिप्पी २:१) : प्रोत्साहन दिनु, ढाडस दिनु, अर्ती दिनु र सशक्तिकरण गर्नु, उसलाई आड भरोसा दिनु, सान्त्वना दिनु, बल दिनु आदि । येशूले तिनीहरूलाई ढाडस दिएर भन्नुभयो, "म तिमीहरूलाई टुहुरा छोड्ने छैन । म तिमीहरूकहाँ आउनेछु" (यूहन्ना १४:१८) । "यसकारण एउटाले अर्कालाई प्रोत्साहन देओ, र एउटाले अर्कालाई दरिलो पार्ने काम गर, जस्तो तिमीहरू गर्दै पनि आएका छौ (१ थेसलोनिकी ५:११) । यस खण्डमा पावलले एकअर्कालाई उत्साह दिन र सान्त्वना दिन पछि नहट भन्ने संदेश दिएका छन् । उदाहरणको लागि ३ वटा लट्ठी एउटै मुठा बनाएर डोरीले बाँधेको खण्डमा त्यसलाई सजिलै भाँच्न सकिन्न तर एक-एक वटा गरी हातमा दिएको खण्डमा सजिलै भाँच्न सकिन्छ, यस कुरालाई हामीले अभ्यास गरी हेर्न सक्छौं । यसकारण हामी विश्वासीहरू एक भएको खण्डमा, हामीहरूले आत्मिकी बल प्राप्त गर्न सक्छौं र शैतानले हामीलाई लडाउन सक्तैन । यसैले हामी अनुभव गर्न सक्छौं, हाम्रो आत्मिक एकता नै आत्मिक बल हो ।

२) **प्रेमः** प्रेमको लक्षण (फिलिप्पी २:१): खीष्टमा भएको प्रेमको प्रेरणा "पारामुथोन्" मूल शब्दको अर्थ एकतामा बाँध्नु भन्ने बुझिन्छ । अगापे नि:स्वार्थ प्रेमको बलिदान हो । "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६) । "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एकअर्कालाई प्रेम गर । तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि त्यस्तै प्रेम गर" (यूहन्ना १३:३४) । पावलले रोमीको पुस्तक १२:९ मा भनेका छन्: "प्रेम निस्कपट होस् । जुन कुरा खराब छ, त्यसलाई घृणा गर । जुन कुरा असल छ, त्यसमा लागिरहो" । १ पत्रुस १:२२ अनुसार पनि, "आफ्ना दाजु-भाइलाई निस्कपट प्रेम गर र हृदयबाट नै एउटाले अर्कालाई गहिरो प्रेम गर" । यहाँ गहिरो र हृदयको प्रेम भन्नाले बाहिरी कुरा नभएर भित्रका (अन्तर-आत्माका कुराहरू भन्ने बुझिन्छ) । १ शमुएल १६:७ अनुसार मानिसहरूले बाहिरको रूप हेरी विचार गर्दछन् भने परमेश्वरले चाहिँ हृदय हेर्नुहुन्छ । यसबाट स्पष्ट हुन्छ कि हृदयको प्रेमचाहिँ बोलीमा मात्र सीमित नभएर काममा प्रकट हुन्छ ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| फागुन २४ गते मार्च ८ ता. | पा. रोबर्ट कार्थक पा. सामुएल कार्थक | श्री सरुषमान तामाङ्ग | पाष्टर प्रेम श्रेष्ठ | श्री मार्क ग्याल्पिन | डीकन घनश्याम दाहाल | एल्डर छयोगेन रोंगोंग | एल्डर सरन राई |
| चैत्र १ गते मार्च १५ ता. | पाष्टर सामुएल कार्थक | पाष्टर अशोक मुखिया | श्री सिद्धि खालिङ | श्री कर्टिस वोङ्ग | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर सिता गुरुङ्ग | एल्डर ग्रेस खालिङ्ग |
| चैत्र ८ गते मार्च २२ ता. | पाष्टर सामुएल कार्थक | श्री प्रेम आले | डीकन सुरेश पुरकोटी | पाष्टर रोबर्ट कार्थक | डीकन सिमोन भण्डारी | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा ललितपुर चर्च |
| चैत्र १५ गते मार्च २९ ता. | डीकन सिमोन पाठक | श्रीमती रस्मिला तामाङ्ग | श्री रमेश लामा | पाष्टर सामुएल कार्थक | एल्डर रुबेन श्रेष्ठ | एल्डर श्याम कृ. रञ्जित | एल्डर जनकलाल श्रेष्ठ |
| चैत्र २२ गते अप्रिल ५ ता. | पा. सामुएल कार्थक पा. रोबर्ट कार्थक | डीकन राजु तामाङ्ग | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पा. राजेन्द्र रोंगोंग पा. बी.बी. खवास | श्रीमती गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर सिमोन खालिङ |

३) **पवित्र आत्माको संगतिः** पवित्र आत्माको संगतिको चारित्रिक विशेषता हो । हामीलाई पवित्र जीवन जिउन आँटिलो र साहसी जीवन जिउनका लागि पवित्र आत्माको आवश्यकता पर्दछ । पवित्र आत्माले विश्वासीलाई सान्त्वना दिन, खीष्टको साक्षी बन्न, गवाही बन्न, सिकाउन, डोऱ्याउन, सच्याउन, सुसज्जित पार्न र आत्मिक एकतामा बाँध्न पवित्र आत्मा विश्वासीको हृदयमा प्रवेश गर्नुहुन्छ । उहाँले हामीहरूलाई एकसाथ जोड्नुहुन्छ । त्यसैले यहाँ विश्वासीहरूलाई एक-आपसमा पवित्र आत्माको संगतिमा रहनको लागि विशेष जोड दिएको छ (फिलिप्पी २:१) ।

४) **दयाः दयाको लक्षणः** नेपाली वृहत शब्दकोषअनुसार "दया" को परिभाषा यस प्रकार छ, "अर्कामा आइपरेका दुःख, पीडा आदिलाई अनुभव गरेर सम्वेदनशील हुने तथा उसप्रति उद्धार र सहयोग गर्ने मनोभाव वा वृत्ति" । परमेश्वरको वचन (New Revised Standard Version-NRSV) अनुसार दया भन्नाले "हाम्रा निम्ति आफूलाई अर्पण गर्न खीष्टलाई प्रेरित गर्ने चारित्रिक लक्षण दया हो" । यदि हामीले आफूभित्र र आफूद्वारा खीष्टको दयालाई प्रभावित हुन दियौं भने मण्डलीमा कस्तो परिवर्तन आउला ? के हामी कल्पना गर्न सक्छौं ? जो हानी नोक्सानीमा परेका छन्, जो भिन्न मत राख्तछन्, जो पछि हटेका छन्, जो बिथोलिएका छन् ? हामीले दयाको लक्षण देखाएको भए मण्डलीको संगतिमा फर्केर आइसकेका हुन्थे । यसकारण हामीले आफूभित्र र आफूद्वारा खीष्टको सहानुभूतिलाई तत्प्रभावित हुन दिनु पर्दछ । हामी अनुभव गर्छौं कि हामीमा मतभेद हुँदा र बेचैनी भएको समयमा खीष्टको स्नेहले हामीलाई सान्त्वना दिँदछ । अरूहरूमा मत भिन्न हुँदा र अशान्त भएको समयमा यसले हामीलाई खीष्टको दया र स्नेह प्रकट गर्नको लागि प्रेरित गर्दछ । हामीभित्र र हामीद्वारा प्रभावित भैरहेको येशू खीष्टको सहानुभूतिले मण्डलीको एकता कायम राखिरहन्छ । यसले हाम्रो समभ्फलाई एकसूत्रमा बाँधेर राख्दछ । यसले गर्दा हामीहरू हाम्रा दाजुभाइहरू र दिदीबहिनीहरू प्रति उनीहरूको खाँचो र दुःखमा सहभागी हुँदछौं । पावलको भनाइअनुसार "विश्वासमा दरिला हुने हामीले आफैलाई मात्र खुशी पार्ने इच्छा नराखेर दुर्बल मानिसहरूका कमजोरीलाई सहनु पर्दछ" (रोमी १५:१) । "एउटाले अर्काको भार उठाओ, र यसरी खीष्टको व्यवस्था पूरा गर" (गलाती ६:१) । "अन्त्यमा तिमीहरू सबैमा आत्माको एकता राख, एउटाले अर्कोलाई सहानुभूति देखाओ, भातृ प्रेम गर, कोमल हृदयका होओ, र नम्र मनका होओ" (१ पत्रुस ३:८) ।

५) **आनन्दः** नेपाली वृहत शब्दकोषअनुसार "आनन्द" भन्ने शब्दको परिभाषा यस प्रकार छ, "कुनै अभिष्ट वस्तुको प्राप्ति तथा सुखद स्थितिमा वा कुनै मंगल कार्य सम्पन्न हुँदा मनमा हुने प्रिय सहानुभूति, हर्ष, प्रसन्नता, खुशी आदि । परमेश्वरको वचन (NRSV) अनुसार मण्डलीका विश्वासीहरूले एकअर्काको आनन्दको निम्ति फिक्री गर्नु पर्दछ । खीष्टिय मण्डलीमा आनन्द ल्याउने कुरा एकता हो । एकै मनका हुनु, एउटै प्रेम राख्नु, पूर्ण सम्मति हुनु, एउटै चित्तका हुनु आदि । यहाँ पनि हामी लट्ठीको नमूना लिन सक्छौं, जसरी तीन वा तीनभन्दा बढी लट्ठीहरूलाई डोरीले बाँधेर एकबिटो बनाएको खण्डमा त्यो सजिलै भाँचिदैन, एउटा-एउटा गरी छुट्टयायो भने सजिलै भाँच्न सकिन्छ । यसबाट हामी विश्वासी दाजुभाइहरू र दिदीबहिनीहरू मण्डलीमा एउटै मनका भएर खीष्टको आनन्द पूरा गर्नु पर्दछ त्यो नै मण्डलीको लागि बल हुन्छ । "तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर" (फिलिप्पी २:२) । "मेरो आनन्द तिमीहरूमा होस् र तिमीहरूको आनन्द भरिपूर्ण होस्" (यूहन्ना १५:११) । पावलको भनाइअनुसार "शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर" (एफिसी ४:३) ।

६) **नम्रताः** मनको दिनताः नेपाली वृहत शब्दकोशअनुसार "नम्रता भन्ने शब्दको परिभाषा यस प्रकार छ, निहुरेको, नुहेको, बिनित, नरम स्वभावको, आफ्नो बल, बुद्धि र सम्पत्तिमा घमण्ड नगर्ने । परमेश्वरको वचन (NRSV) अनुसार केही मानिसहरू अरू मानिसहरूसँग भ्फगडा मात्र गरिरहन्छन् । तिनीहरू शरीरमा पाको भएर पनि आत्मामा अपरिपक्व नै हुन्छन् । तिनीहरू निम्न कुराहरू गर्न आत्म-समर्पण गर्दछन् । जस्तै इर्ष्या, डाहा, पदको लालसा, प्रतिष्ठाको अभिलाषा, प्रतिरोध, चिप्लो घस्नु, भ्फैं भ्फगडा र वाद विवाद सृजना गर्नु आदि । यसकारण तिनीहरू आफ्नै इच्छाअनुसार डर लाग्दो अपराध गर्न जान्छन् । यसबाट सुरक्षित रहनको लागि, खीष्टको नम्रता धारण गर्नु, अहंकारलाई त्याग्नु र दिलो ज्यानले अरूको सेवा गर्नु आदि । "स्वार्थ वा अहंकारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान" (फिलिप्पी २:३) । आज मण्डलीमा हामीहरूले स्वार्थलाई नियन्त्रणमा राख्नु पर्दछ र आफ्नै भलाइ नखोजी अरूहरूको हितलाई ध्यान दिनु अति आवश्यक हुन्छ । यसकारण हामी सबैजना खीष्टको स्वभावले अभिप्रेरित भइरहनु नम्रताको लक्षण हो ।

**निष्कर्षः**

खीष्टियान आत्मिक एकता राख्नका लागि हामीमा एक दोस्रालाई उत्साहित पार्नका लागि, उचित सल्लाह र सुभ्फाव दिनका लागि पवित्र आत्माको अति आवश्यकता छ । आत्मिक एकता कायम राख्नका लागि खीष्टिय प्रेमले प्रेरित हुनुपर्दछ । मण्डलीमा एउटै मन र एउटै चित्त हुनु अति आवश्यक छ । अहंकार र घमण्डमा केही नगरी त्यसको सट्टा खीष्टको प्रेमलाई धारण गरेर एउटाले अर्कालाई प्रोत्साहन, उत्साह दिँदै एकताको सुत्रमा बाँध्नको लागि निस्वार्थ सेवा गर्नु जरूरी देखिन्छ । यसो गर्नाले हामीले आत्मिकी बल पाउँछौं । जुनचाहिँ आत्मिकताबाट मिल्दछ । यसले हाम्रो मण्डलीको सम्पूर्ण क्षेत्रमा परिवर्तन ल्याउँछ ।

के आज हामी आफ्नै मात्र भलाइ नखोजी अरूहरूको भलाइ र उन्नतिप्रति वास्ता गर्न तयार छौं ? यदि तयार छौं भने अठोट र निर्णय गरौं । परमेश्वरले हामी सबैलाई अनुग्रह गरून् !

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **गाम्छा** | **सुन्दरीजल** | **जहरसिंह पौवा** | **साँखु** | **गोंगबूँ** | **धापासी** | **रानीपौवा** |
| **फागुन २४ गते मार्च ८ ता.** | पा. महेश थान्जू ए. गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घलान | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | डीकनेस् शान्ती तामाङ्ग |
| **चैत्र १ गते मार्च १५ ता.** | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | एल्डर छचोदेन कार्थक | डीकनेस् अमृता कार्थक | डीकन जिल्बर्ट मिसो |
| **चैत्र ८ गते मार्च २२ ता.** | पा. महेश थान्जू ए. गोपी राई | एल्डर दानिएल सापकोटा | पाष्टर महेश थान्जू | एल्डर सागर थापा | एल्डर जमान घलान | श्री प्राशान्त सिंह | श्री जय सिंह | श्री राजु तामाङ्ग |
| **चैत्र १५ गते मार्च २९ ता.** | पा. महेश थान्जू ए. अष्ट श्रेष्ठ | एल्डर सागर थापा | एल्डर गोपी राई | एल्डर दानिएल सापकोटा | पाष्टर महेश थान्जू | डीकन अर्जुन ढकाल | एल्डर छचोगेन रोंगोंग | श्री सुरेन्द्र सापकोटा |
| **चैत्र २२ गते अप्रिल ५ ता.** | पा. महेश थान्जू ए. जमान घलान | पाष्टर महेश थान्जू | एल्डर सागर थापा | एल्डर गोपी राई | एल्डर दानिएल सापकोटा | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर एल.पी. न्यौपाने | संयुक्त सेवा गोंगबूँ चर्च |

# हार्दिक वधाई



माघ १५ गते/जनवरी २९ तारिख बुधबार नेइम गोंगबूँ मण्डलीको श्री **राजु तामाङ्ग** र जागृति मण्डली अरुण खोला नवलपरासीकी सुश्री **गिता कुमाल**को जागृति मण्डली अरुण खोलामा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान/श्रीमती राजु/गिता तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ २७ गते/फरवरी १० तारिख सोमबार नेइम ज्ञानेश्वर मण्डलीको छोरी संगति नरजापौवा नुवाकोटकी सदस्य सुश्री **सबिना रिजाल** र क्वोइनोनिया चर्च बालाजुको सदस्य श्री **श्याम कुमार हुमागाई**को क्वोइनोनिया चर्च बालाजुमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान/श्रीमती श्याम कुमार/सबिना हुमागाईंलाई** मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ २९ गते/फरवरी १२ तारिख बुधबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **रामहरी श्रेष्ठ** र ने.सु.म. पिपलडाँडा मण्डलीकी सदस्य सुश्री **कमला श्रेष्ठ**को ने.सु.म. पिपलडाँडामा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान/श्रीमती रामहरी/कमला श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी

फागुन १० गते/फरवरी २२ तारिख शनिबार नेइम ज्ञानेश्वर मण्डलीका ५८ जना सदस्यहरूले मण्डलीमा समर्पण गर्नुभयो ।

फागुन ४ गते/फरवरी १६ तारिख आइतबार नेइम सिर्जनानगर मण्डलीकी सदस्य सुश्री **रजनी हयाँजु** र होली एन्जल चर्च दाङको सदस्य श्री **विक्रम घर्ती मगर**को नेइम सिर्जनानगर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान/श्रीमती विक्रम/रजनी घर्ती मगरलाई** मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन ४ गते/फरवरी १६ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **भुवन श्रेष्ठ** र इमानुएल मण्डली बाह्रबिसेकी सदस्य सुश्री **नविना थामी**को इमानुएल मण्डली बाह्रबिसेमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान/श्रीमती भुवन/नविना श्रेष्ठलाई** मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी



ना:टोल बस्नुहुने, नेइम ललितपु मण्डलीको सदस्य श्री सञ्जय कपाली ४१ वर्षको उमेरमा फागुन २ गते/फरवरी १४ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।

नेइम बेथेल चर्च ठूलोदमार, मकवानपुरको पाष्टर अब्राहाम श्रेष्ठ फागुन ७ गते फरवरी १९ तारिख बुधबार ६९ वर्षको उमेरमा प्रभुमा सुत्नु भयो ।



बालुवापाटी काभ्रे बस्नुहुने, नेइम नगरकोट मण्डलीको सदस्य श्री मैते तामाङ्ग ५७ वर्षको उमेरमा फागुन १३ गते/फरवरी २५ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | १८ 2<br>अगुवाको स्थानमा रहनुभएका-हरूले उदाहरण भएर आफ्नो बगालको हेरचाह गर्न सकून् र परमेश्वरमा डोर्‍याउन सकून्।<br>१ पत्रुस ५:१-४ | २५ 9<br>संसारका सबै मानिसहरूले येशू खीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून्।<br>यशैया ५५:१-३ | २ 16<br>सम्पूर्ण विश्वासीहरूको जीवनमा प्रार्थना, सुसमाचार प्रचार, वचन पढाइ, प्रशंसा कहिले पनि नरोकेको होस्।<br>प्रेरित २:४२-४७ | ९ 23<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून्।<br>२ कोरिन्थी २:१४-१७ | १६ 30<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा गएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून्।<br>१ तिमोथी २:१-६ |
| **सोमबार Monday** | १९ 3<br>नेपालको विभिन्न कारागारमा भइरहेको सेवा संगतिहरूद्वारा अझ धेरैले येशू प्रभुलाई चिन्न सकून्।<br>यशैया ६१:१-३ | २६ 10<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवाकाई, परिवार, काम, व्यवसाय, स्वास्थ्य सम्पूर्ण कुराहरूको लागि आशिष मागिदिऔं।<br>भजनसंग्रह २३:१-६ | ३ 17<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन्।<br>प्रकश ३:१५-१६ | १० 24<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं।<br>२ कोरिन्थी ९:६-७, ११ | १७ 31<br>आशिषित भएर जिउनको लागि दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं।<br>यहोशू १:२-९ |
| **मंगलबार Tuesday** | २० 4<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर अरूको निम्ति आशिषको कारण बन्न सकून्।<br>यूहन्ना १५:१६, कलस्सी ३:२३-२४ | २७ 11<br>प्रभुले मण्डलीमा थपिरहनु-भएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं।<br>मत्ती २८:१८-२० | ४ 18<br>मण्डलीमा भइरहेको आत्मिकी सभामाको लागि प्रार्थना गरौं।<br>लेवी २६:१२-१३ | ११ 25<br>चाडपर्वको समयमा अधुरा घर परिवारमा भएका विश्वासी हरू सबै परिस्थितिमा आफ्नो विश्वासमा स्थिर र अटल रहन सकून्।<br>यूहन्ना १६:३३, १५:१८-१९ | १८ April 1<br>मण्डली आत्मामा, गुणमा, संख्यामा साथै अरू सबै क्षेत्रहरूमा अझै अघि बढेर जान सकौं।<br>उत्पत्ती १:२८, २ पत्रुस १:३ |
| **बुधबार Wednesday** | २१ 5<br>घरेलु संगतिका सबै अगुवा-हरूले आफ्नो झुण्डलाई हुर्का-उन, बढाउन, डोर्‍याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं।<br>१ थेसोलोनिकी १:२-३ | २८ 12<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेला भएर जिउन सकून्।<br>कलस्सी १:२८, २:६-७ | ५ 19<br>मण्डलीका प्रत्येक विश्वासी-हरूको जीवन एकअर्काको निम्ति आशिष र आत्मिक उन्नतिको कारण हुन सकोस्।<br>रोमी १४:१९, १ थे. ५:११ | १२ 26<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून्।<br>तीतस ३:१-८ | १९ 2<br>मण्डलीका विश्वासीहरू सधैं प्रेममा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं।<br>१ पत्रुस ४:८-११ |
| **बिहीबार Thursday** | २२ 6<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष मागिदिऔं।<br>मर्कूश १०:१३-१६, लूका २:४०, ५२ | २९ 13<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरको इच्छा अनुसार जिउनको लागि पवित्र आत्माको सहयता मागीदिऔं।<br>एफिसी ५:१५-२१ | ६ 20<br>हामी सजिलैसित अल्मलाउने कुराहरूलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं।<br>१ थे. ५:२४, हिब्रू १२:१-२ | १३ 27<br>मण्डलीका सबै बा, दाजु-भाइहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून्।<br>हितोपदेश १४:२५-२७ | २० 3<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरू लाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून्।<br>मत्ती २४:२४-२५, यू. १६:१३-१५ |
| **शुक्रबार Friday** | २३ 7<br>वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाइ र अभिषेक मागिदिऔं।<br>मत्ती ४:४, यशैया ५५:११ | ३० 14<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं।<br>भजनसंग्रह ८५:८ | ७ 21<br>मण्डलीलाई प्रशस्त आशिषमा डोर्‍याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून्।<br>भजनसंग्रह १४७:१-२० | १४ 28<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं।<br>याकू ४:८-१० | २१ 4<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून्।<br>यूहन्ना १५:१०, ३ यूहन्ना ६ |
| **शनिबार Saturday** | २४ 8<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएको प्रार्थनाको पाएको उत्तर साथै नपाएका उत्तरमा पनि हामी सबै धन्यवादी हुन सकौं।<br>रोमी ८:२८ | १ चैत्र 15<br>उपवास प्रार्थनामा चढाइएको प्रार्थनाद्वारा सबै क्षेत्रमा अझ आशिषित हुन सकून्।<br>मत्ती ७:७-११ | ८ 22<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू खीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून्।<br>प्रेरित १६:३१, लूका १:३७ | १५ 29<br>परमप्रभु परमेश्वरले यो वर्षभरि मण्डलीलाई साथै मण्डली बाहिरको क्षेत्रमा पनि दिनुभएको प्रशस्त आशिषको लागि उहाँलाई महिमा दिऔं।<br>भजनसंग्रह ५०:२३ | २२ 5<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा, बाइबल अध्ययन आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भाग लिन सकून्।<br>हिब्रू १०:२३-२६ |

**जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ। सदासर्बदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ ।**

**यशैया २६:३-४**